---

# त्रिवेणी गाउँपालिका

---

# स्थानीय राजपत्र

खण्डः ३ संख्याः २० प्रकाशन मितिः २०७६/१०/१३

## भाग २

त्रिवेणी गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम त्रिवेणी गाउँपालिका, रोल्पाको गाउँ कार्यपालिकाले बनाएको तपसिलमा लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## त्रिवेणी गाउँपालिकाको
## जलस्रोत उपयोग सम्बन्धी कार्यविधि, २०७६

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०७६/०२/१४

प्रमाणिकरण मितिः २०७६/१०/११

प्रस्तावना :

गाउँपालिका क्षेत्रभित्रको भूमिगत वा भू-सतहमा रहेको जलस्रोतको समुचित उपयोग, संरक्षण, व्यवस्थापन र विकास गर्न तथा त्यस्तो उपयोगबाट हुने वातावरणीय र अन्य प्रकारका हानी नोक्सानीलाई रोकथाम गरी जलस्रोतलाई प्रदुषण मुक्त राख्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी त्रिवेणी गाउँपालिकाको गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :- (१) यस कार्यविधिको नाम “त्रिवेणी गाउँपालिकाको जलस्रोत उपयोग सम्बन्धी कार्यविधि, २०७६” रहेको छ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाको बैठकबाट पारित भएपछि प्रारम्भ हुनेछ।

२. परिभाषा :- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

(क) “जलस्रोत” भन्नाले गाउँपालिकाभित्रको भू-सतहमा वा भूमिगत वा अन्य जुनसुकै अवस्थामा रहेको पानी सम्झनु पर्दछ।

(ख) “अनुमति-पत्र प्राप्त व्यक्ति वा संस्था” भन्नाले जलस्रोतको उपयोग गर्न गाउँपालिकाबाट दफा १३ को उपदफा (१) बमोजिम अनुमति-पत्र प्राप्त व्यक्ति वा संगठित संस्थालाई सम्झनु पर्दछ।

(ग) “उपभोक्ता संस्था” भन्नाले यसै कार्यविधिको दफा ४ बमोजिम गठित संस्थालाई सम्झनु पर्दछ।

(घ) “कार्यविधि” भन्नाले त्रिवेणी गाउँपालिकाको जलस्रोत उपयोग सम्बन्धी कार्यविधि, २०७६ लाई सम्झनु पर्दछ।

(ङ) “गाउँपालिका” भन्नाले त्रिवेणी गाउँपालिका, रोल्पालाई सम्झनु पर्दछ।

(च) “गाउँ कार्यपालिका” भन्नाले त्रिवेणी गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

(च) “स्थानीय जलस्रोत समिति” भन्नाले यसै कार्यविधिको दफा १७ को उपदफा (२) बमोजिम गठित समितिलाई सम्झनु पर्दछ।

## परिच्छेद-२
## जलस्रोतको उपयोग सम्बन्धी व्यवस्था

३. जलस्रोतको उपयोग : (१) यस कार्यविधि बमोजिम अनुमति-पत्र प्राप्त नगरी कसैले पनि जलस्रोतको उपयोग गर्न पाउने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहाय बमोजिम जलस्रोतको उपयोग गर्न अनुमति-पत्र लिनु पर्नेछैन।

(क) ढुवानी गरी आफ्नो निमित्त खानेपानी र अन्य घरेलु प्रयोगको लागि उपयोग गर्न,

(ख) आफ्नो जग्गामा सिंचाई गर्न,

(ग) घरेलु उद्योगको रुपमा पानीघट्टा वा पनचक्की चलाउन,

(घ) व्यक्तिगत रुपमा स्थानीय आवागमनको लागि डुङ्गाको प्रयोग गर्न,

(ङ) जग्गाधनीले आफ्नो जग्गाभित्र मात्र सिमित रहेको जलस्रोत तोकिए बमोजिम उपयोग गर्न।

४. जल उपभोक्ता संस्थाको गठन : (१) सामूहिक लाभका लागि संस्थागत रुपमा जलश्रोतको उपयोग गर्न चाहने व्यक्तिहरुले पदाधिकारी तथा सदस्य समेत गरी कम्तिमा सात जनाको सञ्चालक समिति भएको उपभोक्ता संस्था गठन गर्न सक्नेछन् । उपभोक्ता संस्थाको सञ्चालक समितिमा कम्तिमा तेत्तिस प्रतिशत महिला सहभागिता सुनिश्चित भएको हुनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम उपभोक्ता संस्था गठन गरी दर्ता गराउन चाहने उपभोक्ता संस्थाहरुले अनुसूची-१ बमोजिमको ढाँचामा उपभोक्ता संस्थाको निर्णय प्रतिलिपी, एकप्रति विधान र गाउँपालिकाको आर्थिक ऐनमा व्यवस्था भएअनुसारको दस्तुर बुझाएको रसिद/भौचार सहित स्थानीय जलश्रोत समिति समक्ष दरखास्त दिनु पर्नेछ ।

५. विधानमा खुलाउनु पर्ने विवरणहरु : दफा ४ बमोजिम पेश गर्नुपर्ने उपभोक्ता संस्थाको विधानमा संस्था सम्बन्धी खुलाउनु पर्ने विवरणहरु अनुसूची-२ बमोजिम हुनेछ ।

६. दर्ता र प्रमाणपत्र : (१) दफा ५ बमोजिम पर्न आएको दरखास्त उपर स्थानीय जलश्रोत समितिले आवश्यक जाँचबुझ गरी उपभोक्ता संस्था दर्ता गर्न उपयुक्त देखेमा दर्ता गरी अनुसूची-३ बमोजिमको ढाँचामा उपभोक्ता संस्थाको दर्ता प्रमाण-पत्र दिनु पर्नेछ । यसरी दर्ता भएको जल उपभोक्ता संस्था अविछिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ ।

(२) उपदफा (१) बमोजिम कुनै उपभोक्ता संस्था दर्ता गर्न उपयुक्त नदेखेमा स्थानीय जलश्रोत समितिले सोको स्पष्ट कारण खोली दरखास्तवालालाई दरखास्त परेको मितिले पैतिस दिनभित्र सो कुराको सूचना दिनु पर्नेछ ।

७. यसै कार्यविधि बमोजिम भएको मानिने : यो कार्यविधि प्रारम्भ हुनु अगावै प्रचलित कानून बमोजिम दर्ता भएका उपभोक्ता संस्थाहरु यसै कार्यविधि बमोजिम दर्ता भएको मानिनेछ ।

८. विधान संशोधन : उपभोक्ता संस्थाले आफ्नो विधान संशोधन गर्नुपरेमा विधानको प्रक्रिया पूरा गरी तयार गरिएको विधानको संशोधित मस्यौदा गाउँ जलश्रोत समितिमा पेश गर्नु पर्नेछ र समितिले तत्सम्बन्धमा आवश्यक जाँचबुझ गरी विधान संशोधन गर्न स्वीकृति दिन सक्नेछ ।

९. जलस्रोत उपयोगको प्राथमिकताक्रम : (१) गाँउपालिका क्षेत्रभित्रको जलस्रोत उपयोग गर्दा साधारणतया देहायको प्राथमिकताक्रम अनुसार गर्नुपर्नेछ :-

(क) खानेपानी र घरेलु उपयोग,

(ख) सिंचाई,

(ग) पशुपालन तथा मत्स्यपालन जस्ता कृषिजन्य उपयोग,

(घ) जलविद्युत,

(ङ) घरेलु उद्योग, औद्योगिक व्यवसाय तथा खानीजन्य उपयोग,

(च) जल यातायात,

(छ) आमोद प्रमोदजन्य उपयोग,

(झ) अन्य उपयोग ।

(२) जलस्रोतको उपयोग गर्दा कुनै विवाद उत्पन्न भएमा दफा १३ बमोजिम गठित समितिले दफा ५ को उपदफा (१) मा उल्लेखित प्राथमिकताक्रम बमोजिम उचित रुपमा उपयोग भए, नभएको र अन्य आवश्यक जाँचबुझ समेत गरी सोको आधारमा सम्बन्धित जलस्रोतको उपयोग गर्न पाउने नपाउने वा कुन किसिमबाट उपयोग गर्न पाउने भन्ने कुराको निर्धारण गर्नेछ। यसरी निर्धारण गरेको कुरा सम्बन्धित सबैलाई मान्य हुनेछ।

१०. गाउँपालिकाले जलस्रोतको उपयोग वा विकास गर्न सक्ने : (१) गाउँपालिका आफैले कुनै जलस्रोतको उपयोग वा विकास गर्नमा यस कार्यविधिले कुनै बाधा पुऱ्याएको मानिने छैन।

(२) कसैले यस कार्यविधि बमोजिम उपयोग गरेको जलस्रोत र सोसँग सम्बन्धित जग्गा, भवन, उपकरण तथा संरचना बृहत्तर सार्वजनिक उपयोगका लागि गाउँपालिका आफुले लिई विकास गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम जलस्रोतसँग सम्बन्धित जग्गा, भवन, उपकरण वा संरचना लिए वापत गाउँपालिकाले सम्बन्धित व्यक्ति वा संस्थालाई तोकिए बमोजिम क्षतिपूर्ति दिनेछ।

(४) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र अन्य व्यक्ति, निकाय वा संगठित संस्थाले उपयोग गरिरहेको जलस्रोतलाई निजहरुसँगको समन्वयमा पर्यटन व्यवसायलाई प्रवर्द्धन गर्न आवश्यक कार्ययोजना बनाई लागु गर्न सक्नेछ।

११. जलस्रोत विकासको परियोजना हस्तान्तरण गर्न सक्ने : (१) गाउँपालिकाले दफा १० को उपदफा (१) र (२) बमोजिम विकास गरेको कुनै जलस्रोत सम्बन्धी परियोजनाको निर्माण समाप्त भैसकेपछि उपभोक्ता संस्थालाई आवश्यक शर्तहरु तोकी हस्तान्तरण गर्न सक्नेछ।

२) उपदफा (१) बमोजिम हस्तान्तरण गरिएको परियोजना उपरको स्वामित्व सम्बन्धित उपभोक्ता संस्थाको हुनेछ। यस कार्यविधिको अधिनमा रही आफुले अनुमति-पत्र प्राप्त गरे सरह सो परियोजनाको सञ्चालन सम्बन्धित उपभोक्ता संस्थाले गर्नेछ।

१२. जलस्रोतको उपयोगको लागि करार गर्न सक्ने : यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भए तापनि गाउँपालिकाले कुनै संगठित संस्था वा व्यक्तिसँग प्रचलित कानूनको अधिनमा रही करार गरी सोही करारमा उल्लेखित शर्तहरु बमोजिम कुनै जलस्रोतको विकास, उपयोग र सेवा विस्तार गर्न, गराउन सक्नेछ।

## परिच्छेद-३
## अनुमति-पत्र सम्बन्धी व्यवस्था

१३. अनुमति पत्रको व्यवस्था : (१) जलस्रोतको सर्भेक्षण वा उपयोग गर्न चाहने व्यक्ति वा संगठित संस्थाले अनुसूची-४ बमोजिमको विवरण खुलाई गाउँपालिकाको कार्यालय समक्ष अनुमति-पत्रको लागि अनुसूची-५ (क) वा (ख) बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ। यसरी दरखास्त दिइएकोमा पानीको मुहान वरपर दरखास्तको व्यहोरा खुलाई ३५ दिने सार्वजनिक सूचना टाँस गर्नु पर्नेछ। सूचनाको नमुना अनुसूची-६ बमोजिम हुनेछ। तर जलस्रोतको सर्भेक्षणको अनुमति-पत्रको लागि दरखास्त दिंदा त्यस्तो अध्ययन प्रतिवेदन पेश गर्न आवश्यक पर्नेछैन।

२) उपदफा (१) बमोजिम परेको दरखास्तमा गाउँपालिकाको तोकिएको अधिकारीले आवश्यक जाँचबुझ गरी गराई दरखास्त परेको मितिले सामान्यतया जलस्रोत सर्वेक्षणको अनुमति-पत्रको हकमा ४० दिनभित्र र जलस्रोत उपयोगको अनुमति पत्रको हकमा ९० दिनमा आवश्यक शर्तहरु तोकी दफा ५ को उपदफा (१) मा उल्लेखित प्राथमिकताक्रम अनुसार दरखास्तवालालाई अनुमति-पत्र दिनु पर्नेछ । अनुमति-पत्रको नमुना अनुसूची-७ (क) वा (ख) बमोजिम हुनेछ ।

३) अनुमति-पत्र प्राप्त वा संस्थाले जलस्रोत उपयोग गरे वापत गाउँपालिकालाई तोकिए बमोजिमको दस्तुर वा वार्षिक शुल्क बुझाउनु पर्नेछ ।

४) अनुमति-पत्र प्राप्त व्यक्ति वा संस्थाले आफ्नो अनुमति-पत्र बिक्रि गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नुपरेमा गाउँपालिकाबाट स्वीकृति लिनु पर्नेछ ।

(५) अनुमति-पत्रको लागि आवश्यक कागजात अनूसूची-६ बमोजिम हुनेछ ।

१४. जलविद्युतको लागि जलस्रोतको उपयोग : दफा १३ मा जुनसुकै कुरा लेखिएको भए तापनि जलविद्युत उत्पादन गर्नको लागि जलस्रोतको सर्वेक्षण तथा उपयोग गर्ने अनुमति-पत्रको सम्बन्धमा प्रचलित कानून बमोजिम हुनेछ ।

१५. अनुमति-पत्र नविकरण गर्ने : (१) यो ऐन बमोजिम जलस्रोतको सर्वेक्षण वा उपयोगको लागि दिइएको अनुमति-पत्रमा उल्लेखित अवधि समाप्त हुनु अगावै अर्को अवधिको लागि अनुमतिको नविकरण गर्नुपर्नेछ ।

(२) जलस्रोतको सर्वेक्षण वा उपयोगको लागि दिइएको अनुमति-पत्रको नविकरण गराउँदा तोकिए बमोजिम नविकरण दस्तुर लाग्नेछ ।

१६. अनुमति-पत्र खारेज गर्न सकिने : (१) अनुमति-पत्र प्राप्त व्यक्ति वा संस्थाले यो कार्यविधि विपरित कुनै काम गरेमा दफा १३ बमोजिम गठित समितिको सिफारिसमा तोकिएको अधिकारीले अवधि तोकी त्यस्तो काममा आवश्यक सुधार गर्न आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको अवधिभित्र अनुमति-पत्र प्राप्त व्यक्ति वा संस्थाले आवश्यक सुधार नगरेमा त्यस्तो व्यक्तिले पाएको अनुमति-पत्र खारेज गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति-पत्र खारेज गर्नु अघी सम्बन्धित अनुमति-पत्र प्राप्त व्यक्तिलाई आफ्नो सफाई पेश गर्ने मनासिव मौका दिनु पर्नेछ ।

## परिच्छेद-४
## स्थानीय जलस्रोत समिति सम्बन्धी व्यवस्था

१७. स्थानीय जलस्रोत समितिको गठन : (१) गाउँपालिकाभित्र रहेका जलस्रोत उपयोगको आवश्यक अध्ययन अनुसन्धान एवं जलस्रोत उपयोगको लागि अनुमति प्रदान गर्न तथा तोकिए बमोजिम नगरेमा अनुमति-पत्र खारेज गर्ने प्रयोजनको लागि एक स्थानीय जलस्रोत समिति रहनेछ ।

(२) स्थानीय जलस्रोत समितिमा देहायका पदाधिकारी रहनेछन्-

| | |
|---|---|
| (क) गाउँपालिकाको अध्यक्ष | संयोजक |
| (ख) गाउँपालिकाको उपाध्यक्ष | उप-संयोजक |
| (ग) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) गाँउपालिकाको सामाजिक विकास समितिको संयोजक | सदस्य |
| (ङ) गाउँपालिकाको पूर्वाधार विकास शाखाको प्रमुख | सदस्य |
| (च) गाउँपालिकाको कृषि विकास शाखाको प्रमुख | सदस्य |
| (छ) गाउँपालिकाको प्रशासन शाखा प्रमुख | सदस्य-सचिव |

(३) स्थानीय जलस्रोत समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१८. स्थानीय जलस्रोत समितिको काम, कर्तव्य र अधिकार : स्थानीय जलस्रोत समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ -

(क) जलस्रोत उपयोग र सर्वेक्षण सम्बन्धमा इजाजत-पत्र प्रदान गर्न सिफारिस गर्ने,

(ख) जलस्रोत उपयोग सम्बन्धमा समसामयिक अध्ययन, अनुसन्धान तथा आवश्यक सुझाव संकलन गरी गाउँ कार्यपालिकाको बैठकमा पेश गर्ने,

(ग) जलस्रोत उपयोग सम्बन्धमा कुनै प्रश्न उठेमा वा परम्परादेखि जलस्रोत उपयोग गरेकोमा अन्यथा भएको देखिएमा आवश्यक जाँचबुझ गर्ने गराउने,

(घ) खण्ड (ग) बमोजिम जाँच गर्दा वा गराउँदा तोकिएको शर्त बमोजिम जलस्रोतको उपयोग नभए, नगरेको देखिएमा त्यस कार्यमा संलग्न व्यक्ति उपर प्रचलित कानून बमोजिम कारबाही गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने,

(ङ) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

## परिच्छेद– ५
## सजाय र पुनरावेदन सम्बन्धी व्यवस्था

१९. सजाय सम्बन्धी व्यवस्था : (१) कसैले यस कार्यविधिमा भएका व्यवस्था उलंघन गरेमा निजलाई स्थानीय जलस्रोत समितिको सिफारिसमा गाउँ कार्यपालिकाले दश हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ । त्यस्तो कसुरबाट कसैको हानी नोक्सानी भएको रहेछ भने निजबाट त्यस्तो हानी नोक्सानी वापतको क्षतिपूर्ति समेत भराई दिन सक्नेछ ।

(२) कसैले यस कार्यविधि बमोजिम अनुमति-पत्र लिनु पर्नेमा सो नलिई वा अनुमति-पत्रमा उल्लेख भएका शर्तहरु पालना नगरी जलस्रोतको उपयोग गरेमा निजलाई गाउँ कार्यपालिकाले पाँच हजार रुपैयाँसम्म जरिवाना गर्न र त्यस्तो काम बन्द गराउन सक्नेछ ।

३) यस कार्यविधि बमोजिम विकास गरिएको जलस्रोत वा त्यस्तो जलस्रोतबाट उत्पन्न सेवा कसैले चोरी गरेमा वा दुरुपयोग गरेमा वा अनाधिकार प्रयोग गरेमा गाउँ कार्यपालिकाले निजबाट बिगो असुल गरी निजलाई बिगो बमोजिम जरिवाना समेत गर्न सक्नेछ ।

४) कसैले बदनियत राखी कुनै खानेपानीको मुहान, बाँध, नहर वा जलस्रोतको उपयोगसित सम्बन्धित कुनै संरचना वा त्यस्तो संरचनामा असर पार्ने अन्य कुनै संरचना भत्काएमा, बिगारेमा वा कुनै किसिमले हानी नोक्सानी पुऱ्याएमा वा त्यस्तो कुनै काम कुराको लागि दुरुत्साहन दिएमा वा त्यस्तो काम गर्ने उद्योग गरेमा निजबाट हानी नोक्सानीको बिगो असुल गरी निजलाई बिगो बमोजिम जरिवाना गराई वा नियमानुसार कारबाहीको लागि न्यायिक समिति समक्ष सिफारिस गर्नुपर्नेछ ।

२०. अनुसन्धानको लागि लेखी पठाउन सक्ने : जलस्रोत उपयोगको अनुमति प्रदान गर्ने निकायले यस कार्यविधि बमोजिम आफ्नो काम, कर्तव्य र अधिकारको पालना गर्दा कसैले दफा २१ को उपदफा (४) बमोजिमको कसुर गरेको थाहा पाएमा त्यस्तो कसुरका सम्बन्धमा यस कार्यविधि बमोजिम अनुसन्धान गर्नको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

२१. मुद्दा सम्बन्धी व्यवस्था : दफा २१ को उपदफा (४) बमोजिमको सजाय हुने कसुर सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुनेछ ।

२२. पुनरावेदन सम्बन्धी व्यवस्था : यस कार्यविधि बमोजिम जलस्रोत उपयोगको अनुमति प्रदान गर्ने अधिकारी वा गाउँ कार्यपालिकाबाट कारबाही भएकोमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो कारबाहीको निर्णयको जानकारी पाएको मितिले पैंतिस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

## परिच्छेद-६
## विविध

२३. सेवा उपभोगका शर्तहरु तोक्न र सेवा शुल्क असुल उपर गर्न पाउने : (१) अनुमति-पत्र प्राप्त व्यक्तिले आफुले विकास गरेको जलस्रोतको उपयोगका सेवा अन्य कसैलाई आपसी शर्तको आधारमा उपलब्ध गराउन वा त्यस्तो सेवा वापत शुल्क असुल उपर गर्न सक्नेछ ।

(२) त्रिवेणी गाउँपालिकाले विकास गरेको जलस्रोतको उपयोगको सेवा अन्य कसैलाई उपलब्ध गराए वापतको सेवा शुल्क र अनुमति प्राप्त व्यक्तिले जलस्रोतको उपयोग गरी अन्य व्यक्तिहरुलाई व्यापारिक प्रयोजनको लागि सेवा उपलब्ध गराए वापत वार्षिक शुल्क तोकिए बमोजिम निर्धारण गरी असुल उपर गर्न सक्नेछ ।

२४. सेवा रोक्न सक्ने : सेवा उपभोग गरेवापत बुझाउनु पर्ने शुल्क नबुझाउने वा त्यस्तो सेवा अनाधिकृत रुपले उपयोग गर्ने वा सेवा दुरुपयोग गर्ने वा शर्त विपरित सेवा उपभोग गर्नेको हकमा त्यस्तो सेवा बन्द गर्न सकिनेछ ।

२५. अरुको घरजग्गामा प्रवेश गर्न सक्ने : गाउँपालिका वा अनुमति-पत्र प्राप्त व्यक्तिले जलस्रोतको सर्वेक्षण वा उपयोगको सिलसिलामा कसैको घरजग्गामा प्रवेश गर्नुपरेमा गाउँपालिका वा अनुमति-पत्र प्राप्त व्यक्तिले खटाएको कर्मचारीले सम्बन्धित व्यक्तिलाई पूर्व सूचना दिएर त्यस्तो घरजग्गामा प्रवेश गर्न सक्नेछ । त्यसरी प्रवेश गर्दा कुनै हानी नोक्सानी हुन गएमा गाउँपालिका वा अनुमति-पत्र प्राप्त व्यक्तिले तोकिए बमोजिम क्षतिपूर्ति दिनु पर्नेछ ।

२६. जलस्रोत संरचनाको सुरक्षा : जलस्रोतको उपयोगसित सम्बन्धित कुनै संरचनाको सुरक्षाको लागि अनुमति-पत्र प्राप्त व्यक्तिको अनुरोधमा वा आफले त्यस्तो सुरक्षा गर्न आवश्यक ठानेमा गाउँपालिकाले आवश्यक प्रबन्ध गर्न प्रहरी प्रशासनलाई लेखि पठाउन सक्नेछ ।

२७. जलस्रोतलाई प्रदुषित गर्न नहुने : गाउँपालिका क्षेत्रभित्रको जलस्रोतमा प्रतिकुल हुने गरी कसैले पनि कुनै किसिमको फोहरमैला, औद्योगिक निकास, बिष, रसायनिक वा विषालु पदार्थ हाली वा प्रयोग गरी जलस्रोतलाई प्रदुषित गर्नु हुँदैन ।

२८. वातावरणमा उल्लेखनीय प्रतिकुल असर पार्न नहुने : गाउँपालिकाभित्र जलस्रोतको उपयोग गर्दा भू-क्षय, बाढी, पहिरो वा यस्तै अरु कारणद्वारा वातावणमा उल्लेखनीय प्रतिकुल असर नपर्ने गरी गर्नु पर्नेछ ।

२९. बाधा अड्चन फुकाउ एवं अन्य व्यवस्था : यस कार्यविधिको अन्तिम व्याख्या एवं बाधा अड्काउ फुकाउने कार्य गाउँ कार्यपालिकाले गर्नेछ ।

३०. परिमार्जन तथा संशोधन : यस कार्यविधिलाई आवश्यकता अनुसार गाउँ कार्यपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

अनुसूची- १

(दफा ४ को उपदफा (१) बमोजिम)

निवेदनको ढाँचा

श्री स्थानीय जलश्रोत समिति संयोजक ज्यू,

त्रिवेणी गाउँपालिका, जुगार, रोल्पा ।

विषय : जल उपभोक्ता संस्था दर्ताको सम्बन्धमा ।

महोदय,

हामीले ................................................... उपभोक्ता संस्था गठन गरी दर्ता गराउन चाहेको हुँदा प्रचलित नियम बमोजिम उपभोक्ता संस्था दर्ता गराउन देहायको विवरण खुलाई प्रस्तावित उपभोक्ता संस्थाको एक प्रति विधान र जलश्रोत दर्ता कार्यको लागि निवेदन दस्तुर वापत रसिद नं. ................ बाट रु. ............... दस्तुर सहित दरखास्त दिएका छौं ।

विवरण :

१. उपभोक्ता संस्थाको नाम :

२. कार्य क्षेत्र :

३. उद्देश्यहरु :

(क)

(ख)

४. उपभोक्ता समितिका पदाधिकारी/सदस्यहरुको विवरण

| सि.नं. | नाम | ठेगाना | पेशा | सम्पर्क फोन | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |
| ८ | | | | | |
| ९ | | | | | |
| १० | | | | | |

५. उपयोग गरिने जलश्रोतको विवरण :

(क) जलश्रोतको नाम र रहेको ठाउँ :

(ख) जलश्रोतबाट गरिने प्रयोग :

(ग) उपभोक्ता संस्थाले उपयोग गर्न चाहेको जलश्रोतको परिमाण :

(घ) उक्त जलश्रोतको हाल भैरहेको उपभोग :

६. उपभोक्ता संस्थाले पुर्‍याउन चाहेको सेवा सम्बन्धी विवरण :

(क) सेवाको किसिम :

(ख) सेवा पुर्‍याउने क्षेत्र :

(ग) सेवाबाट लाभान्वित हुने उपभोक्ताहरुको संख्या :

(घ) भविष्यमा सेवा विस्तार गर्न सकिने सम्भावना :

७. आर्थिक श्रोतको विवरण :

केन्द्र सरकार : प्रदेश सरकार :

स्थानीय सरकार : गै.स.स. :

जनसहभागिता :

८. कार्यलयको ठेगाना :

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

उपभोक्ता संस्थाको तर्फबाट दरखास्त दिनेको-

सहि :

नामः

पद :

ठेगाना :

## अनुसूची २

(कार्यविधिको दफा ५ सँग सम्बन्धित)

उपभोक्ता संस्थाको विधानमा खुलाउनुपर्ने विवरणहरु

(क) संस्थाको पुरा नाम र ठेगाना,

(ख) उद्देश्य तथा कार्यक्षेत्र,

(ग) सदस्यको लागि योग्यता र सदस्यता शुल्क,

(घ) सदस्यको निष्काशन र राजीनामा,

(ङ) हक दावी, नामसारी वा हकवालाको मनोनयन,

(च) साधारणसभा सम्बन्धी,

(छ) सञ्चालक समितिको गठन, निर्वाचन एवं काम, कर्तव्य र अधिकार,

(ज) सञ्चालक पदमा बहाल रहन नसक्ने अवस्था,

(झ) सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधि,

(ञ) कोष तथा लेखापरीक्षण,

(ट) विधान संशोधन,

(ठ) विघटन,

(ड) विविध ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

अनुसूची ३

(कार्यविधिको दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

जल उपभोक्ता संस्था दर्ता प्रमाण-पत्रको ढाँचा

दर्ता नं. : दर्ता मिति :

जल उपभोक्ता संस्था दर्ता प्रमाण-पत्र

श्री ...................................... उपभोक्ता समिति,

त्रिवेणी गाउँपालिका वडा नं. ........... रोल्पा ।

रोल्पा जिल्ला त्रिवेणी गाउँपालिका वडा नं. ........... मा .......................... मुहानको जलस्रोत उपयोग गर्ने गरी गठन गरिएको त्यस उपभोक्ता संस्थालाई यस गाउँपालिकाको जलश्रोत उपयोग सम्बन्धी कार्यविधि, २०७६ को दफा ६ को उपदफा (१) बमोजिम गाउँ कार्यपालिकाको बैठक संख्या ......... मिति ............................ को निर्णय नं. ....... बमोजिम यस कार्यालयमा दर्ता गरी यो दर्ता प्रमाण-पत्र प्रदान गरिएको छ ।

त्यस संस्थाको कार्यक्षेत्र गाउँपालिकाको वडा नं .......... मा रहनेछ । गाउँपालिकाको निर्देशन तथा जलश्रोत उपयोग सम्बन्धी कार्यविधि, २०७६ बमोजिम संस्था सञ्चालन गर्नुहोला ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

प्रमाण-पत्र जारी गर्नेको-

दस्तखत :

नाम, थर :

पद :

मिति :

यो प्रमाण-पत्र प्रत्येक आर्थिक वर्षको अन्तिम महिना (असार) मा नविकरण गर्नुपर्नेछ ।

अनुसूची ४

(दफा १३ को उपदफा (१) सँग सम्बन्धित)

जलस्रोत अनुमति-पत्रको लागि आवश्यक कागजात

१. उपभोक्ता संस्थाको निवेदन,

२. प्रमाणित विधान २ प्रति,

३. तदर्थ समितिका पदाधिकारीको नागरिकताको प्रमाणित प्रतिलिपी,

४. सम्बन्धित वडा कार्यालयको सर्जमिन मुचुल्का सहितको किटानी सिफारिस,

५. मुहान सामुदायिक वनमा अवस्थित भए सामुदायिक वन उपभोक्ता समितिको सिफारिस,

६. सूचना टाँसको वडा कार्यालयको मुचुल्का र सिफारिस,

७. उपभोक्ता संस्था गठन, विधान पारित सम्बन्धी आमभेलाको निर्णय प्रतिलिपी,

८. मुहान भएको स्थानको चार किल्ला खुलाइएको सम्बन्धित वडा कार्यालयको सिफारिस,

९. अन्य थप कागजात भएमा सोको प्रतिलिपी ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

अनुसूची-५ (क)

(कार्यविधिको दफा १३ को उपदफा (१) सँग सम्बन्धित)

जलश्रोतको प्रयोगको सर्वेक्षण अनुमति-पत्रको लागि दरखास्त फाराम

श्रीमान् गाउँ जलस्रोत समिति संयोजक ज्यू,

त्रिवेणी गाउँपालिका, रोल्पा ।

विषय : जलश्रोत प्रयोगको सर्वेक्षण अनुमति-पत्र सम्बन्धमा ।

रोल्पा जिल्ला त्रिवेणी गाउँपालिका वडा नं. ........... मा रहेको .................................. जलश्रोत उपयोगको निमित्त सर्वेक्षण गर्नको लागि अनुमति-पत्र पाउन त्रिवेणी गाउँपालिकाको जलस्रोत उपयोग सम्बन्धी कार्यविधि, २०७६ को दफा १३ को उपदफा (१) बमोजिम देहायको विवरण खुलाई यो दरखास्त पेश गरेको छु ।

१. व्यक्ति वा संगठित संस्थाको नाम र ठेगाना :

२. उद्देश्य :

३. सर्वेक्षण गर्ने क्षेत्र :

४. सर्वेक्षण गर्न लाग्ने अनुमानित खर्च रु. (पृष्ट्याई विवरण संलग्न गर्नुपर्नेछ) :

५. सर्वेक्षण गर्ने अवधि :

६. अन्य विवरणहरु (जलश्रोत नियमावली, २०५० को नियम १२ बमोजिम) माथि उल्लेखित व्यहोरा ठीक साँचो हो झुठा ठहरेमा कानून बमोजिम सहूँला बुझाउँला ।

७. संगठित संस्था भए सो संस्थाको छाप :

व्यक्ति वा संगठित संस्थाको तर्फबाट दरखास्त दिनेको-

नाम, थर :

दस्तखत :

मिति :

प्रमाण-पत्र जारी गर्नेको-

नाम, थर :

पद :

दस्तखत :

मिति :

अनुसूची-५ (ख)

(कार्यविधिको दफा १३ को उपदफा (१) सँग सम्बन्धित)

जलश्रोत उपयोग अनुमतिपत्रको लागि गाउँ जलश्रोत समिति

श्रीमान् स्थानीय जलस्रोत समिति संयोजक ज्यू,

त्रिवेणी गाउँपालिका, रोल्पा ।

विषय : जलश्रोत उपयोगको अनुमति-पत्र/मुहान दर्ता सम्बन्धमा ।

जलश्रोत उपभोगको निमित्त अनुमति-पत्र पाउन त्रिवेणी गाउँपालिकाको जलस्रोत उपयोग सम्बन्धी कार्यविधि, २०७६ को दफा १३ को उपदफा (१) बमोजिम देहायका विवरणहरु समेत खुलाई यो दरखास्त पेश गरेको छु ।

१. व्यक्ति वा संगठित संस्थाको नाम र ठेगाना :

२. उद्देश्य :

३. उपयोग गर्न खोजेको जलश्रोतको प्रयोजन र उपभोग परिमाण :

४. प्रस्तावित जलश्रोतको उपयोग गर्ने ठाउँ :

५. जलश्रोतको उपयोगबाट लाभ पुग्ने ठाउँको क्षेत्रफल :

६. प्रस्तावित सेवाबाट लाभान्वित हुने उपभोक्ताहरुको संख्या :

७. जलश्रोतको उपयोग गर्ने तरिका :

९. जलश्रोतको हाल भैरहेको र भविष्यमा हुन सक्ने उपयोग :

१०. संगठित संस्था भए सो संस्थाको छाप :

११. अन्य विवरणहरु :

माथि उल्लेखित व्यहोरा ठिक साचो हुन झुट्टा ठहरेमा कानून बमोजिम सहुँला बुझाउँला ।

सम्बन्धित व्यक्ति वा संगठित संस्थाको तर्फबाट दरखास्त दिनेको-

नाम, थर :

दस्तखत :

पद :

मिति :

अनुसूची ६

(कार्यविधिको दफा १३ को उपदफा (१) सँग सम्बन्धित)

जलस्रोत उपयोग अनुमति/मुहान दर्ता माग उपर दाबी विरोध गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक सूचना प्रकाशित मिति : .................

रोल्पा जिल्ला त्रिवेणी गाउँपालिका वडा नं. ........ स्थित ........ मा .......................... गठित ...................................... जल उपभोक्ता संस्थाले पूर्वमा .................. पश्चिममा ...................... उत्तरमा ................... र दक्षिणमा ............................... चारकिल्ला भित्र रहेको ............. मुहानको जलस्रोत खानेपानी/सिंचाई प्रयोजनको लागि उपयोग गर्न जलस्रोत उपयोग अनुमति-पत्र/मुहान दर्ता प्रमाण-पत्र पाउँ भनी उक्त जल उपभोक्ता संस्थाका अध्यक्ष/सचिव ....................................... ले यस कार्यालयमा निवेदन पेश गर्नु भएको हुँदा उल्लेखित उपभोक्ता संस्थालाई उक्त प्रयोजनको लागि जलस्रोत उपयोग अनुमति-पत्र/मुहान दर्ता माग सम्बन्धी निवेदनमा पेश गर्नु भएको व्यहोरा झुटो भएमा वा मुहानको जलस्रोत उपयोगको सम्बन्धमा कुनै बाधा व्यवधान भएमा समय फरक नपर्ने गरी प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा उजुरी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । तोकिएको समय सिमाभित्र कुनै दाबि विरोध पर्न नआएमा नियमानुसार उक्त संस्थाको नाममा उक्त मुहानको जलस्रोत उपयोग अनुमति-पत्र/मुहान दर्ता प्रमाण-पत्र जारी भई जाने व्यहोरा अनुरोध छ ।

स्थानीय जलस्रोत समिति

त्रिवेणी गाउँपालिका जुगार, रोल्पा

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

अनुसूची ७ (क)

(कार्यविधिको दफा १३ को उपदफा (२) सँग सम्बन्धित)

जलस्रोतको उपयोगको सर्वेक्षण अनुमति-पत्रको ढाँचा

अनुमति पत्र संख्या : मिति :

श्री ................................,

............................................. ।

विषय : जलस्रोत उपयोगको सर्भेक्षण अनुमति-पत्र सम्बन्धमा ।

महाशय,

तपाईलाई देहाय अनुसारको विवरण फरक नपर्ने गरी जलस्रोतको उपभोगको सर्वेक्षण गर्न यस गाउँपालिकाको जलस्रोत उपयोग सम्बन्धी कार्यविधि, २०७६ बमोजिमको अनुमति-पत्र प्रदान गरिएको छ । प्रचलित कानूनको अधिनमा रही कार्य सञ्चालन गर्नुहोला ।

१. व्यक्ति वा संगठित संस्थाको नाम :

२. जलश्रोत सर्वेक्षणको उद्देश्य :

३. जलश्रोत सर्वेक्षण क्षेत्र :

४. अनुमति पत्र बहाल रहने अवधि :

अनुमति-पत्र दिने अधिकारीको-

नाम थर :

दस्तखत :

पद :

मिति :

अनुसुची ७ (ख)

(कार्यविधिको दफा १३ को उपदफा (२) सँग सम्बन्धित)

जलस्रोत उपयोगको अनुमति-पत्र/मुहान दर्ता प्रमाण-पत्र

अनुमति-पत्र संख्या : मिति :

श्री ............................................,

......................................................... ।

विषय : जलश्रोत उपयोगको अनुमति-पत्र/मुहान दर्ता सम्बन्धमा ।

महाशय,

तपाइलाई देहाय अनुसार जलश्रोतको उपयोग गर्न पाउने गरी देहायको विवरण खोली गाउँपालिकाको जलस्रोत उपयोग सम्बन्धी कार्यविधि, २०७६ बमोजिम यो अनुमति-पत्र प्रदान गरिएको छ ।

१. व्यक्ति वा संगठित संस्थाको नाम र ठेगाना :

२. जलश्रोत उपयोगको उद्देश्य :

३. उपयोग गर्न खोजेको जलश्रोतको नाम :

किसिम : मुहान रहेको स्थान (चारकिल्ला) :

४. उपयोग गर्न पाउने जलश्रोत परिमाण :

५. जलश्रोतको उपयोग गर्ने तरिका :

६. उपयोग गर्ने क्षेत्र :

७. प्रस्तावित सेवाबाट लाभान्वित हुने उपभोक्ताहरुको संख्या :

८. अनुमतिपत्र बहाल रहने अवधि :

अनुमतिपत्र दिने अधिकारीको-

नाम र थर :

दस्तखत :

पद :

मिति :

आज्ञाले

निम बहादुर के. सी.

प्रमुख प्रशासकीय अधिकृत